# वैचारिक बहसमा जुट्नु पर्छ : मुख्यमन्त्री

**पोखरा समाचारदाता**
*पोखरा, जेठ १ गते*

नेकपा (एमाले) स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले व्यक्तिगत गालीगलौज बन्द गरेर वैचारिक बहसमा जुट्नुपर्ने बताउनुभयो। सोमबार पोखरामा आयोजित 'पुष्पलाल जन्म शताब्दी समारोह २०८१' विचार गोष्ठीमा उहाँले यस्तो आग्रह गर्नुभएको हो।

पुष्पलाल जन्म शताब्दी समारोह समिति काठमाडौँको आयोजना तथा पुष्पलाल अध्ययन केन्द्र कास्कीको सहआयोजनामा भएको उक्त कार्यक्रममा सबै वामपन्थी शक्तिलाई आग्रह गर्दै उहाँले भन्नुभयो, "वैचारिक बहस गरौँ, व्यक्तिगत गालीगलौज बन्द गरौँ, यति गरे पुग्छ अहिले, आआफ्ना विचार छन्, सङ्गठन छन् दृष्टिकोण छन्।"

पुष्पलाल अध्ययन केन्द्र कास्कीका अध्यक्षसमेत रहनुभएका मुख्यमन्त्री अधिकारीले पुष्पलालले हिंडेको बाटो ठिक हो भन्ने कम्युनिस्टहरू भौँतारिनु नपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हामी ठूलो त्याग तपस्या र समर्पणबाट यहाँसम्म आएका छौँ। यदि पुष्पलालले देखाएको बाटो सही छ र लाग्छ भने निरन्तर रूपमा निष्ठापूर्वक उहाँले देखाएको बाटोमा अविचलित हिंड्नु पर्दछ।" कम्युनिस्टमा रणनीतिक रूपमा द्विविधा नभए पनि कार्यनीतिक रूपमा द्विविधा भएको भन्दै उहाँले अहिलेको परिस्थितिमा कसरी जाँदा ठिक ठाउँमा पुगिन्छ भनी विश्लेषण गर्न पनि कार्यकर्तालाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "कम्युनिस्टले इतिहासको भजन कीर्तन गरेर बस्ने होइन वर्तमानमा उभिएर भविष्य निर्माण गर्ने हो।" कार्यक्रममा वाम बुद्धिजीवी तथा लेखक रामराज रेग्मी, परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठ र रामबहादुर भण्डारीले 'कम्युनिस्ट आन्दोलनलगायतमा पुष्पलालको योगदान' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँहरूले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि दधिराज सुवेदी, गोपीरमण उपाध्याय, विश्वबन्धु भण्डारीले टिप्पणी गर्नुभएको थियो।



**पुष्पलालको तस्बिरमा माल्यार्पण गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी ।**

# वन्यजन्तुको आक्रमणबाट सात जनाको मृत्यु

## क्षतिपूर्तिमा एक करोड तेत्तिस लाख खर्च

**बोमलाल गिरी**
*नवलपुर, जेठ १ गते*

चितवन राष्ट्रिय निकुञ्ज र नवलपुरसँग जोडिएको मध्यवर्ती क्षेत्रमा चालु आर्थिक वर्षको १० महिनामा वन्यजन्तुको आक्रमणबाट सात जनाको मृत्यु भएको छ। आक्रमणबाट १२ जना सख्त र १५ जना सामान्य घाइते भएको चितवन राष्ट्रिय निकुञ्ज कसराले जनाएको छ।

साउनदेखि वैशाख मसान्तसम्मको अवधिमा वन्यजन्तुको आक्रमणका चार सय दुई वटा घटना भएका छन्। वन्यजन्तुले पशु, गोठ र भण्डारण गरेर राखेको तथा खेतबारीका अन्न बालीमा पनि क्षति पुऱ्याएका छन्। निकुञ्जले वन्यजन्तुले पुऱ्याएको क्षतिपूर्तिबापत एक करोड ३३ लाख ९४ हजार ६०९ रुपियाँ राहत वितरण गरेको जनाएको छ। १० महिनाको अवधिमा सबैभन्दा धेरै हात्तीको आक्रमणका ११२ वटा घटना भएका छन्। त्यस्तै गैँडाबाट ९७, बाघबाट ४२, चितुवाबाट ७७, जङ्गली बँदेलबाट ६९, मगरगोहीबाट दुई र अजिङ्गरको आक्रमणबाट तीन वटा घटना भएको निकुञ्जले जनाएको छ।

निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले गैँडाले पुऱ्याएको क्षतिबापत सबैभन्दा धेरै राहत रकम तिर्नु परेको जानकारी दिनुभयो। उहाँका अनुसार गैँडाले पुऱ्याएको क्षतिबापत ४९ लाख एक हजार १२३ रुपियाँ तिर्नु परेको छ। त्यस्तै बाघले पुऱ्याएको क्षतिबापत ३९ लाख ६८ हजार ७८९ र हात्तीले पुऱ्याएको क्षतिबापत १७ लाख ८३ हजार ६१० रुपियाँ राहत रकममा खर्च भएको छ।

चितुवाले पुऱ्याएको क्षतिबापत ११ लाख ६१ हजार ७१० रुपियाँ, मगरगोहीले पुऱ्याएको क्षतिबापत १० लाख २० हजार, जङ्गली बँदेलले गरेको आक्रमणको क्षतिबापत पाँच लाख ३५ हजार ८५० रुपियाँ राहत वितरण भएको सूचना अधिकारी तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त सबै राहत प्राकृतिक क्षतिबापतको रकम हो। यो अवधिमा गैँडा र बाघको आक्रमणबाट तीन तीन जना र मगरगोहीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेका परिवारलाई जनही १० लाखका दरले ७० लाख रुपियाँ हस्तान्तरण गरिएको छ। सख्त घाइतेलाई १९ लाख ६६ हजार ४३२ रुपियाँ र सामान्य घाइते भएकालाई एक लाख ५७ हजार ३४२ रुपियाँ राहत वितरण गरिएको तिवारीले जानकारी दिनुभयो।

यो अवधिमा निकुञ्जले १४२ वटा पशुधनको क्षतिबापत २० लाख ९५ हजार २१०, भण्डारण गरेको अन्नको क्षतिबापत ८५ हजार, ३१ वटा घरगोठको क्षतिबापत चार लाख ९६ हजार ९७५ र खेतमा लगाइएको अन्न बालीको क्षतिबापत १५ लाख ९३ हजार ६५० रुपियाँ राहत दिइएको तिवारीको भनाइ छ। गत आव २०७९/८० मा चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा वन्यजन्तुको आक्रमणका आठ सय ५६ वटा घटना दर्ता भएका थिए भने १२ जनाको मृत्यु भएको थियो।

त्रि.वि., चि.शा.अ.सं.
**बी.पी.कोइराला लायन्स नेत्र अध्ययन केन्द्र**
**चिकित्सा उपकरण खरिद सम्बन्धी आशयपत्रको सूचना**
**प्रकाशित मिति : २०८१।०२।०२**

यस केन्द्रको लागि तपसिलमा उल्लेखित चिकित्सा उपकरण खरिद गर्न मिति २०८०।११।०१ गतेको गोरखापत्र दैनिकमा ३० दिनको समय दिई शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा तल उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्रको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि प्रक्रिया अगाडि बढाउने निर्णय भएको हुँदा त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को नियम ५२ ञ को उपनियम (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| बोलपत्र संख्या | मेसिनको नाम | छनौट भएको बोलपत्रदाताको नाम | परिमाण | जम्मा कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १३/०८०/०८१ | Pediatric Retinal Imaging Camera with Accessories | Bio Medical Solution Pvt.Ltd. | १ सेट | ३९,९४,५५०।- |
| १४/०८०/०८१ | Diagnosis of Dry Eye Machine | ABC Suppliers Pvt.Ltd. | १ सेट | २३,९३,३४०।- |

# कांग्रेस नेता रेग्मीको निधन



**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, जेठ १ गते*

स्याङ्जा राजनीतिक आन्दोलनका अग्रज व्यक्तित्व खगेन्द्रराज रेग्मीको ७५ वर्षको उमेरमा मङ्गलबार निधन भएको छ। २००६ साल साउन १५ गते साबिक खिलुङ गाविस–२, गेभ्काबासमा जन्मनुभएका रेग्मी लामो समयदेखि गम्भीर बिरामी भई उपचारमा हुनुहुन्थ्यो। केही हप्ताअगाडि चिकित्सकले सुधार नहुने बताएपछि उहाँलाई आफ्नै निवासमा राखिएको थियो। स्याङ्जाको कांग्रेस पार्टी र सङ्गठन मजबुत बनाउने एउटा विशिष्ट व्यक्तित्वका रूपमा रेग्मीलाई चिनिन्छ।

२०४८, ०५७ र ०६२ गरी तीन कार्यकाल स्याङ्जा कांग्रेसको सभापति हुनुभएका रेग्मी गजेन्द्र नारायण सिंहको मृत्युपछि राष्ट्रिय सभा सांसद समेत हुनुभएको थियो। रेग्मी नेपालमा प्रजातन्त्र स्थापनाका लागि निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध रक्त हस्ताक्षर गर्ने पाँच जनामध्ये एक जना स्व. रेग्मी रहनुभएको थियो। उहाँले कृष्णप्रसाद भट्टराई पार्टी सभापति रहँदा नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सचिवको जिम्मेवारीसमेत निर्वाह गर्नुभएको थियो। लामो समय शिक्षण पेसामा रहनुभएका रेग्मीलाई २०५८ माघ २७ गते माओवादीले गोली हानी घाइते बनाएको थियो। पञ्चायतविरुद्धको आन्दोलनमा राज्य पक्षबाट विभिन्न यातनामा जेल जीवन समेत बिताएको नेपाली कांग्रेस स्याङ्जाका समाभापति राजु थापाद्वारा जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

रेग्मीको मृत्युको शोकमा तीन दिनसम्म पार्टी कार्यालय बन्द, १३ दिन शोक पुस्तिका राख्ने, कुनै कार्यक्रम नगर्ने र झन्डा झुकाउने विज्ञप्तिमा जनाइएको छ।

# ढलान सडकमा सहज यात्रा

**बेनी समाचारदाता**
*म्याग्दी (बेनी), जेठ १ गते*

बेनी नगरपालिका–६ स्थित राउवडाको बस्ती जोड्ने सडक ढलानसहित स्तरोन्नति भएपछि यात्रा सहज भएको छ। बर्सातका समयमा हिलाम्मे सडकका कारण राउवडावासीले भोग्नु परेको सास्तीको अन्त्य भएको छ। बेनी नगरपालिका–८, डल्लेपिपलबाट माथि राउवडा चोक–फोहोटे हुँदै ज्यामुनाखर्क जोड्ने सडक स्तरोन्नति योजना अन्तर्गत सडक ढलान, नाली निर्माण र ग्याबिन जाली लगाएर स्तरोन्नति गरिएको हो ।

सडक ढलानका साथै स्तरोन्नतिका लागि चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको ५० लाख रुपियाँ बजेट छुट्याएको थियो। पूर्वाधार विकास कार्यालय म्याग्दीले ठेक्कामार्फत सडक फराकिलो, आरसिसी ढलान, नाली र ग्याबिन जाली निर्माण गरेर सडक स्तरोन्नति गरेको हो।

**काठमाडौँ महानगरपालिका**
**च:मती जग्गा एकीकरण आयोजना**
**टेकु काठमाडौं**
**अत्यन्त जरुरी सूचना**
**प्रकाशन मिति २०८१/०२/०२ गते**
**(फोन नं ५-३३८४२०, ५-३३१७७९)**

काठमाडौ महानगरपालिकाद्धारा संचालित च:मती जग्गा एकीकरण आयोजना सम्पन्न उन्मुख अन्तिम चरणमा रहेको हुँदा आयोजना क्षेत्रभित्रका जग्गाधनी तथा मोहीहरुले साविक लालपुर्जा बुझाउन बाँकि भएमा यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आयोजनाको कार्यालय टेकुमा साविक लालपूर्जा बुझाई आ-आफ्नो विकसित घडेरी फिर्ता बुझिलिनु भई आयोजनाबाट विकसित घडेरी दिने काममा सहयोग पु-याईदिनु हुन अनुरोध गरिन्छ।

**आयोजना प्रमुख**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**सूचना प्रकाशित मिति : २०८१।०२।०२**

यस कार्यालयबाट प्रकाशित बोलपत्रको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्येबाट तल उल्लेख भए बमोजिमको कार्यहरूका लागि बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८ को दफा १५६ र सार्वजनिक, खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कार्यको विवरण र बोलपत्र नं. | छनोट भएको बोलपत्र दाता तथा दरभाउपत्र दाता | कबोल रकम रु. (मू.अ.क. सहित) |
|---|---|---|---|
| १. | Transportation of Different Size of PSC Poles बोलपत्र नं.: NEA-KPP-2080/81-STS-05 | श्री एम.पि.ए. ढुवानी सेवा चन्द्रागिरि, काठमाडौँ। | ६९,४९,५००।०० |
| २. | Supply and Delivery of High Tensile Steel Strand Wire (7.9mm dia.Steel strand for prestressing of concrete) बोलपत्र नं.: NEA-KPP-2080/81-STS-06 | श्री प्रिमियर वायर्स प्रा.लि. विराटनगर, मोरङ। | ४,९७,९२,३२०।०० |

**नेपाल विद्युत प्राधिकरण**
**कोत्रे पोल प्लान्ट, तनहुँ**

**नेपाल विद्युत प्राधिकरण**
**आयोजना व्यवस्थापन निर्देशनालय**
**काठमाडौँ उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजना, खरिपाटी, भक्तपुर**
**विद्युत लाइन अवरुद्ध हुनेबारे अत्यन्त जरुरी सूचना**

नेपाल विद्युत प्राधिकरण, रत्नपार्क वितरण केन्द्र अन्तर्गतको विद्युतीय लाइन भूमिगत गर्ने कार्यका लागि तपसिल बमोजिमका मितिहरूमा निम्न उल्लिखित फिडरहरू अन्तर्गत विभिन्न स्थानमा बिहान ११:०० बजेदेखि साँझ ०५:०० बजेसम्म विद्युत सेवा अवरुद्ध हुने भएकोले सर्वसाधारणको जानकारीका लागि अनुरोध गरिन्छ।

| सि.नं. | मिति | फिडर | विद्युत आपूर्ति बन्द हुने क्षेत्र |
|---|---|---|---|
| १ | २०८१।०२।०३ | नयाँबजार | खुसिबू, सोह्रखुट्टे चोक, भ्याली कोल्ड स्टोर, पिपुल्स डेन्टल अस्पताल |
| २ | २०८१।०२।०५ | नयाँबजार | खुसिबू, सोह्रखुट्टे चोक, भ्याली कोल्ड स्टोर, पिपुल्स डेन्टल अस्पताल |
| | | क्षेत्रपाटी | टेकू, पुष्पलाल पार्क, ढल्कु, क्षेत्रपाटी चोक, धोबीचौर, ठहिटी, पकनाजोल, ज्याठा र कान्तिपथ |
| ३ | २०८१।०२।०६ | भिमसेनस्थान | १२ नं. वडा कार्यालय, ह्युमत, जैसीदेवल, चिगमंगल, भिमसेनस्थान, काष्ठमण्डप |
| ४ | २०८१।०२।०८ | भिमसेनस्थान | १२ नं. वडा कार्यालय, ह्युमत, जैसीदेवल, चिगमंगल, भिमसेनस्थान, काष्ठमण्डप |
| | | त्रिपुरेश्वर | टेकू, पचली भैरव मन्दिर, बम्सीघाट, सवलबहाल, त्रिपुरेश्वर, विश्वनिकेतन स्कुल |

**मौसम प्रतिकूल भएमा विद्युत आपूर्ति बन्द गरिने छैन।**
**विद्युत आपूर्ति बन्द भएकोमा ने.वि.प्रा. क्षमाप्रार्थी छ। फोन नं. ११५०**

**Citizen Investment Trust (CIT)**
**New Baneshwor, Kathmandu, Nepal**
***Request for Expression of Interest***
***for the Consulting Service on customization, upgrade, enhancement and support of a NLK Web Based Software (NLK-WBS) System for NLK***

**EOI No. NLK/CS/QCBS-01/2080-81(Re)**
Publication Date: May 15, 2024 (2081/02/02) (Re- Publish)

1. Citizen Investment Trust, New Baneshwor, Kathmandu has allocated fund ***toward the cost of Consulting Service on customization, upgrade, enhancement and support of a NLK Web Based Software (NLK-WBS) System for NLK*** and intends to apply a portion of this ***fund*** to eligible payments under the Contract for which this Expression of Interest is invited.
2. The Citizen Investment Trust, New Baneshwor, Kathmandu now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Consulting services ***on Customization, Upgrade, Enhancement and Support of a NLK Web Based Software (NLK-WBS).***
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Citizen Investment Trust, New Baneshwor, Kathmandu during office hours on or before 12:00 PM, May 30, 2024 (2081/02/17) or visit e-GP system www.bolpatra.gov.np/egp or visit www.nlk.org.np.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp *to the address* on or before 02:00 PM, May 30, 2024 (2081/02/17)
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on ***Qualification and Experience of Key Experts 30%, Experience of the Firm 50%, and Capacity of the Firm 20%*** of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 70.

**त्रिभुवन विश्वविद्यालय**
**चिकित्सा शास्त्र अध्ययन संस्थान**
**मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर**
**महाराजगञ्ज, काठमाण्डौं**
**बोलपत्र आह्वानको सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८१।०२।०२**

यस सेन्टरको लागि आवश्यक मेडिकल उपकरण सप्लाई/आपूर्ति गर्न ईच्छुक फर्महरुबाट देहाय बमोजिम हुनेगरि बोलपत्र प्रस्ताव आह्वान गरिएको छ। बोपलपत्र कागजात खरिदका लागि लाग्ने दस्तुर यस सेन्टरको महाराजगञ्जस्थित हिमालयन बैंक लिमिटेडको चल्ति हि.नं. ००२०२५३५८८००१७ मा जम्मा गरेको सक्कलै बैंक भौचर, फर्म दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र तथा आ.ब. २०७९।०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु पेश गरी यस सेन्टरबाट तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website: https://bolpatra.gov.np/egp बाट अनलाइन मार्फत प्राप्त गर्न सकिनेछ। बोलपत्र प्रस्ताव इलेक्ट्रोनिक माध्यम (https://bolpatra.gov.np/egp) बाट मात्र पेश गर्नु पर्नेछ। रितपूर्वक नआएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। विस्तृत जानकारीको लागि यस सेन्टरको सामान्य प्रशासन शाखामा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ साथै रितपुर्वक दर्ता भएका बोलपत्रहरु निम्नानुसारको समय र मितिमा खोलिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

| बोलपत्र न: | बोलपत्रको नाम | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | प्रि-विड मिटिङ्ग |
|---|---|---|---|---|---|---|
| MCVTC/GOODS/EB-02-8081 | Supply & Installation of Liquid Oxygen Gas Supply System | ३०००।- | २०८१/०२/३१ दिनको ५ बजे भित्र | २०८१/०२/३२ दिनको १२ बजेसम्म | २०८१/०२/३२ दिनको २ बजे | २०८१/०२/२० दिनको २ बजे |
| MCVTC/GOODS/EB-03-8081 | Supply of Cardiovascular and Surgical Instrument | ३०००।- | २०८१/०२/३१ दिनको ५ बजे भित्र | २०८१/०२/३२ दिनको १२ बजेसम्म | २०८१/०२/३२ दिनको ३ बजे | २०८१/०२/२१ दिनको २ बजे |

**Devtal Rural Municipality**
**Office of the Rural Municipality Executive**
**Pipradhi Goth, Bara**
**Madhesh Province, Nepal**
**Invitation for only electronic Bids**
**Date of Publication : 2024-05-15**

1. The Devtal Municipality Invites Only electronic bids from Nepalese eligible bidders for the Following projects under Ncb procedures.
2. Eligible Bidders may obtain Further information and inspect the Bidding Documents at Devtal Rural Municipality,Office of the Municipal Executive, Devtal, Pipradhi or may visit PPMO website **www.bolpatra.gov.np.egp**.

| S. No. | Contract No. | Desrciption of Work | Estimated Amount Without Contingency (Including VAT) | Bid Security Amount (Nrs.) | Bid Validity Period | Payment Nonrefundable Amount |
|---|---|---|---|---|---|---|
| 1 | DRM/NCB/W/08/080/081 | Medicine Supply For Health Post | 25,23,436.00 | Nrs. 64,000.00 | 120 Days | Nrs. 3,000.00 |

**Chief Administrative Officer**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, धनुषा**
जनकपुरधाम, मधेश प्रदेश
**बोलपत्र आह्वान सम्बन्धी सूचना**
**सूचना नं : २-०८०/८१**
**प्रकाशन मिति : २०८१/०२/०२**

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित सि.नं. १ को निर्माण कार्यको लागि बोलपत्र तथा सि.नं. २ को निर्माण कार्यको लागि शिलबन्दी दरभाउपत्र आह्वान गर्नुपर्ने भएकोले सि.नं. १ को लागि प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन (मिति २०८१/०२/३२ गते) र सि.नं. २ को लागि प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन (मिति २०८१/०२/१७ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट: www.bolpatra.gov.np.egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| S.N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | DAO/Dhanusha/Works/NCB/01-2080/81 | Construction of District Administration Office Building, Dhanusha. | NCB, SSDE | 20,00,000/- | 5,000/- |
| 2 | DAO/Dhanusha / Works/SQ/02-2080/81 | Various Repair and Maintenance works at government buildings for temporary relocation of District Administration Office, Dhanusha. | 12,82,051.28 | 37,000/- | 1,000/- |